Forum for Protection of Public Interest (Pro Public)
जनहित संरक्षण मञ्च (प्रो पब्लिक)

प्रकाशन मितिः २०८२ साल चैत्र १७ गते
निवेदन पेश गर्ने अन्तिम मितिः २०८२ साल चैत्र २९ गते, आइतवार

## मेलमिलाप सम्बन्धी आधारभूत तालिमका लागि निवेदन आव्हानको सूचना ।

शिवराज नगरपालिका, जनहित संरक्षण मञ्च (प्रो पब्लिक) र जिआइजेडको सहकार्यमा शिवराव न.पा. का ११ वटै वडामा मेलमिलाप र संवाद मार्फत दिगो शान्ति, सद्भाव, सामाजिक जवाफदेहिता र नागरिक कर्तव्यबोध प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन हुँदैछ । यस अन्तर्गत वडाहरूमा मेलमिलाप केन्द्र विस्तार र संवाद समूहमा संवाद सहजिकरणका लागि मेलमिलापकर्ता तथा संवाद सहजकर्ता तयार गर्न २०८३ साल वैशाख महिनामा **मेलमिलाप सम्बन्धी आठ दिवसीय आधारभूत तालिम** र जेठ महिनामा संवाद सहजिकरण तालिम आयोजना गरिने भएकाले इच्छुक सामाजिक अगुवाहरूले २०८२ चैत्र २९ गते भित्र आवेदन दिन सूचित गरिन्छ ।

***नोटः मेलमिलापको आधारभूत तालिम नलिएकाहरूले मात्र आवेदन दिनुहुन अनुरोध छ ।***

**योग्यता, सेवा तथा शर्तहरु:**

१. **छनोट गरिने संख्या:** प्रत्येक वडाबाट ३ जना
२. **उमेर:** २५ वर्ष पुरा भई ६५ वर्ष पुरा भएको
३. **शिक्षा:** कम्तिमा १० कक्षा पास (परम्परागत विधिको माध्यमबाट समुदायमा विवाद समाधानमा सक्रिय भूमिकामा रहेका अगुवा, वडघर, भलमन्सा, धर्मगुरु लगायतका व्यक्तिहरुका हकमा उनिहरुको अन्य योग्यताहरुले वाधा सृजना नगरेको अवस्थामा साक्षरताको पक्षलाई सिमितताको रुपमा लिईने छैन ।
४. मेलमिलाप सम्वन्धी आठ दिने (४८ घण्टे) आधारभूत तालिममा पूर्णरुपमा सहभागिताका लागि प्रतिवद्ध व्यक्ति।
५. मेलमिलापकर्ताको रुपमा समुदायमा स्वयंसेवी रुपमा काम गर्न इच्छुक र प्रतिवद्ध समाजसेवी ।
६. अवकास प्राप्त कर्मचारी (निजामती, शिक्षक र सुरक्षा लगायत) आदिलाई विशेष प्राथमिकता दिन सकिनेछ ।
७. परम्परागत रुपमा विवाद समाधान गर्ने व्यक्तिहरु (अगुवा, भलाद्मी, धामी, पण्डित, वडधर, भलमन्सा आदि) ।
८. समाजले विवाद समाधानका लागि विश्वास गर्न सक्ने गरी सामाजिक पुँजी हाँसिल गरेका व्यक्ति ।
९. राजनीतिक दलमा मताधिकार वाहेक संलग्न नभएको र राजनीतिक तटस्थता कायम गर्न सक्ने व्यक्ति ।
१०. वसाइसराइ, रोजगारी, उच्च शिक्षा, व्यापारका लागि पालिका वाहिर नजाने आवस्था नभएको व्यक्ति ।

### निवेदन पेश गर्ने स्थान:

सम्वन्धित वडा कार्यालयमा उपलब्ध फाराम भरी, प्रो पव्लिक वा गुगुल फर्म, क्युआर कोर्ड मार्फत, नागरिकताको प्रतिलिपि र एकप्रति फोटो समेत संलग्न गर्नुहुन अनुरोध गरिन्छ

इमेलः propublic.vacancy2024@gmail.com

गुगल फर्म : https://surl.li/qyaadg

व्यक्तिगत सम्पर्क तथा भनसुनहरू नगर्नु र नगराउनुहुन अनुरोध गरिन्छ ।

मो.नं. ९८४१३४१९४२ मा ह्वाट्सलएप गरी फाराम भरेको जानकारी तथा सुनिश्चिताका गनुर्शहुन

QR कोड स्क्यान

Forum for Protection of Public Interest (Pro Public)
PRO PUBLIC
जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
Kathmandu, 1991

## मेलमिलाप सम्बन्धी आधारभूत तालिमको सहभागिताका लागि निवेदनको नमुना

मिति:...........................................

श्रीमान् वडा अध्यक्षज्यू
वडा नं. ..... को कार्यालय
शिवराज नगरपालिका, कपिलवस्तु

महोदय,

उपरोक्त सम्वन्धमा त्यस नगरपालिका र जनहित संरक्षण मञ्च (प्रो पब्लिक) को आयोजनामा **नागरिक शान्ति सेवा कार्यक्रम** मार्फत **मेलमिलाप सम्बन्धी आधारभूत तालिम**का लागि प्रो पब्लिक र शिवराज नगरपालिकाले मिति २०८२ चैत्र १७ गते प्रकाशन गरेको सूचना बमोजिम म उक्त सूचनामा उल्लेखित योग्यता र सेवा शर्त बमोजिम तालिम लिन र आफ्नो वडा तथा समुदायमा रही स्वयम्सेवी भावनाका साथ कार्य गर्न इच्छुक भएकाले उक्त तालिमका लागि आफु योग्य भएकाले तपशिलको विवरण र प्रतिवद्धताका साथ निवेदन पेश गर्दछु ।

*तपशिल:*

**१. उमेर:** ....... वर्ष (जम्म मिति:.................................)
**शिक्षा: (पास गरेको तह)** ..............................,
**ठेगाना:** वाड नं.........., टोल तथा गाँउको नाम:................
धर्म............ जातजाती................., लिङ्ग ................
२. पेशा (आम्दानीको स्रोत र अवकास प्राप्त भए उल्लेख गर्ने)...........................................................
३. राजनीतिक दलमा सक्रिय सहभागिता: ..........**छ** ...........**छैन** ।
४. छ भने कुन पाटिमा कुन पदको भूमिका निभाँउदै हुनुहुन्छ ? ...........................................................
५. गाउँघरमा वडघर, भलमन्सा, भलाद्मी, अगुवा, धर्मगुरुको भुमिकामा विवाद समाधान गरेको अनुभव: ....**छ** /....**छैन** । छ भने अहिलेसम्म कतिवटा विवाद समाधानमा वस्नु भएको छ ? .......... **वटा**
६. मेलमिलापकर्ता र संवाद सहजकर्ताको स्वयुसेवी भूमिकामा काम गर्न इच्छुक र प्रतिवद्धता ...**छ** ....**छैन** ।
७. मेलमिलाप सम्वन्धी आठ दिने (४८ घण्टे) तालिममा पूर्ण रुपमा उपस्थित हुन .......**सक्छु** ........**सक्दैन** ।
८. भविष्यमा हुने संवाद सहजिकरण र अन्य तालिममा सहभागी हुन .......**सक्छु** ........**सक्दैन** ।
९. अवकास प्राप्त प्राध्यापक, शिक्षक, कर्मचारी हो ? हो भने कुन सेवावाट ? ........................
११. वसाइसराइ, वैदेशिक रोजगारी वा उच्च शिक्षाको लागि पालिकाभन्दा वाहिर जाने सम्भावना ...**छ** ....**छैन** ।
छैन भने कहिलेसम्मका लागि छैन? .............................
१२. २०८३ वैशाख महिनाको पहिलो हप्ता वडा कार्यालयमा हुने अर्न्तवार्तामा उपस्थित हुन ...**सक्ने** ...**नसक्ने** ।

निवेदक
हस्ताक्षर......................................
नाम:.............................
मोवाइल नं. १................................................ वैकल्पिक मोवाइल नं.................................
नोट: नागरिकता, शैक्षिक प्रमाणपत्र र एक प्रति फोटो यसैसाथ संलग्न छ ।